# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३
प्रेस विज्ञप्ति नं. : ४३२

मिति: २०८३।०३।२६ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### लागु औषध सप्लाई गर्ने गिरोहको चेन तोड्दै ब्युरो, हेरोईन ३०० ग्राम र पेस्तोल सहित ३ जना पक्राउ :

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरद्वारा भारतमा वसी नेपालमा लागु औषध हेरोईन सप्लाई गर्ने भारतीय नागरिकहरुको सुचना संकलन गरी निजहरुले नेपालमा लागु औषध बिक्री गर्ने ब्यक्ति तथा निजहरु आवतजावत गर्ने सिमानाकाहरुको निग्रानी गर्ने क्रममा आज मिति २०८३।०३।२६ गते जिल्ला रुपन्देही मायादेवी गा.पा. वडा न. ६ गुरबनिया स्थितमा लागु औषधको खरिद बिक्री गर्दै गरेको अवस्थामा ३ जनालाई फेला पारी नियन्त्रणमा लिन खोज्दा निजहरु मध्ये १ जनाले साथमा रहेको पेस्तोल निकाली प्रहरी टोली उपर ताकेकोले आत्म रक्षाको लागी प्रहरी टोलीवाट ७ राउण्ड हवाई फायर गरी आत्म समर्पण गर्न चेतवानी दिंदा समेत अटेर गरी पेस्तोल ताकी रहेकोले ईकवाल खानको वायाँ खुट्टाको घुडा मुनी १ राउण्ड गोली फायर गरि निम्न नामथर ठेगाना भएका ३ जनालाई **लागु औषध खैरो हेरोईन ३०० ग्राम,** पेस्तोल थान १, ऐ.को गोली राउण्ड २ र मोटरसाईकल थान १ सहित नियन्त्रणमा लिई घाईतेलाई तत्काल उपचारको लागी लुम्बिनी प्रादेशिक अस्पताल पुर्‍याईएको।

साथै नियन्त्रणमा रहेका २ जनालाई आवश्यक अनुसन्धान कारवाहीको लागी जिल्ला प्रहरी कार्यालय रुपन्देही बुझाईएको ब्यहोरा जानकारीको लागी अनुरोध।

**निम्न :-**

❖ पक्राउ प्रतिबादीहरुको विवरण :-

१. भारत आत्मज फेक कोटवा थौरी अमेठी मुसाफिर खाना उत्तर प्रदेश २२७८१८ ठेगाना भएका बर्ष ५० का ईकवाल खान (घाईते)।
२. भारत साधु नगर पोष्ट चतरा थाना शोहरत गढ सिदार्थनगर २७२२०५ ठेगाना भएका बर्ष ३४ का राम दयाल शर्मा।
३. जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नंबर ४ ठेगाना भएका वर्ष २४ का साराजुद्दिन मुसलमान।

❖ बरामद दशी (सामान) को बिबरण :

१. लागु औषध खैरो हेरोईन ३०० ग्राम
२. पेस्तोल थान-१, ऐ. को गोली राउण्ड- २
३. UP36Z 3158 नम्बरको मोटरसाईकल थान- १
४. मोवाईल थान- २

**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]